आज मिति २०७७ साल भाद्र १० गते बुधवारका दिन जिल्ला प्रशासन कार्यालय सिरहाका प्रमुख जिल्ला अधिकारी श्री प्रदीपराज कणेलको अध्यक्षतामा COVID-19 नियन्त्रण तथा रोकथामको लागि गठित जिल्ला स्तरिय COVID Crisis Managemnet Center को बैठक बस्यो ।

**विशेष उपस्थिती (सल्लाहकार) :**

समन्वय उप - प्रमुख, श्री सरोज कुमार यादव, जिल्ला समन्वय समिति, सिरहा

**उपस्थिति:**

१. प्रमुख जिल्ला अधिकारी, श्री प्रदीपराज कणेल, जिल्ला प्रशासन कार्याल, सिरहा - संयोजक

२. प्रमुख सेनानी, श्री जितेन्द्र कुमार गौली, शेरगण चोहर्वा व्यारेक

३. सशस्त्र प्रहरी उपरिक्षक, श्री दिपेन्द्र गिरी, सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा., सिरहा

४. उप.अनु.निर्देशक, श्री रमेशचन्द्र यादव, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा

५. प्रहरी नायव उपरिक्षक, श्री बिनोद घिमिरे, जिल्ला प्रहरी कार्यालय, सिरहा

६. समन्वय अधिकारी, श्री शिवेन्द्र कुमार मण्डल, जिल्ला समन्वय समिति, सिरहा

७. प्रमुख, श्री कृष्णदेव यादव, स्वास्थ्य कार्यालय, सिरहा

८. मे.सु., डा. नागेन्द्र प्रसाद यादव, जिल्ला अस्पताल सिरहा

९. सभापति, श्री राजदेव यादव, नेपाल रेडक्रस सोसाइटी, सिरहा

१०. अध्यक्ष, श्री प्रमोद कुमार पौद्दार, उद्योग वाणिज्य संघ, सिरहा

११. प्रतिनिधि, देव कुमार यादव, पत्रकार महासंघ, सिरहा

**बैठकको कारवाही एवम निर्णयहरु:**

१. गृह मन्त्रालयको च.नं. ५४८ मिति २०७७ तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको मिति २०७७।०५।०२ गतेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषको दशौ बैठकको निर्णय अवगत भयो ;

(क) कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि स्थानीयत तहहरुले स्थापना तथा व्यवस्थापन गरि संचालनमा रहेका क्वारेन्टिनहरुलाई निर्धारित मापदण्ड बमोजिम थप व्यवस्थित गर्न क्वारेन्टिनमा बसेका व्यक्तिहरुलाई बसोबास र खानपिनको व्यवस्था मिलाउन तथा आवश्यक्ता अनुसार निजहरुको स्वास्थ्य जाँच गर्ने लगायतका कार्यका लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्राप्त तथ्याङ्कको आधारमा तयार पारिएको विवरण बमोजिम स्थानीय तहहरुलाई प्रचलित कानून एवम् स्वीकृत मापदण्ड बमोजिम खर्च गर्ने, खर्चको लेखा राख्ने, लेखापरीक्षण गराउने र सोको प्रतिवेदन समेत गर्ने गरी देशका विभिन्न स्थानीय तहलाई रु ४,२०,३९,५५०/- कोरोना संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोषबाट दिने कोष संचालक समितिको २०७७।०५।०२ को दशौ बैठकको निर्णय रहेकोमा जस मध्ये यस जिल्लाको बिष्णुपुर गाउँपालिकालाई क्वारेन्टिन स्थापना तथा व्यवस्थापन र मर्मत सुधार लगायतका कार्यको लागि क्वारेन्टिनमा रहेका संख्या अनुसार हुने रकम रु २,८४२००/- तथा मापदण्ड अनुसार निकासा हुनु पर्ने रकम रु १,४२,१००/- निकासा दिने उल्लेख भएकोले सो अनुरुपको निकासा प्राप्त भएपछि यस कोषवाट निकासा दिने साथै क्वारेन्टिनमा रहेका व्यक्तिहरुको यथार्थ बुझ्ने कार्य गरि जिल्ला प्रशासन कार्यालय मार्फत संघिय्र मामिला तथा समान्य प्रशासन मन्त्रालय समेतमा प्रतिवेदन गर्ने ।

यसै गरी कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि प्रदेश नं २ सरकारबाट देहायको निकायहरुलाइ देहाय अनुरुप प्राप्त भएको देखिएको रकमको खर्च तथा मौज्दात रकमको फाँटबारी समेत तुरुन्त पठाउने।

| क्र स | प्राप्त मिति | कार्यालय/ निकाय | प्राप्त भएको देखिएको रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | २०७६/१२/०७ | जिल्ला प्रहरी कार्यालय सिरहा | ५,००,०००/- | मेडिकल सामाग्री ग्लोभ्स, सेनिटाइजर«मा खरिद भइ मौज्दात नरहेको |
| २ | २०७७/०१/०३ | जिल्ला कारागार कार्यालय सिरहा | २०,००,०००/- | सेनिटाइजर, हेन्डवास, मास्क, पि पि, इ इस्प्रे, मेसिन लागयतका मेडिकल सामाग्रीमा खर्च भइ रु ४५५ बाँकी रहेको |
| ३ | २०७७/०२/१६ | जिल्ला प्रहरी कार्यालय सिरहा | ११,००,०००/- | एम्बुलेन्स खरिदका लागि प्राप्त भएकोमा खर्च नभइ फिर्ता भएको |

५. कोभिड-१९ संक्रमित महिलाहरुका लागि छुट्टै कोठामा आइसोलेसन गरिएकोमा यसलाई अझै व्यवस्थित गर्ने।

६. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. २ को च.नं. १५८ मिति २०७७।०५।०२ को ऐ. ५।९ मा प्राप्त पत्र तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्कको कार्यालयको च.नं. शि.स्वा./४१२/६७५० र मिति २०७७।०३।१० को पत्रबाट कोरोना संक्रमण, रोकथाम तथा उपचार कोषबाट स्वीकृत मापदण्ड अनुरुप आवश्यक स्थानहरुमा विभिन्न क्षमताको आईसोलेसन सेन्टरको स्थापना/निर्माण गर्न मर्मत सुधार गरी संचालन, व्यवस्थापन गर्न र संक्रमितहरुको स्वास्थ्य अवस्थालाई नियमित जाँच गरि निजहरुलाई आवश्यक्ता अनुसार आईसोलेसनमा राखी उपचार गराउनका लागि मिति २०७७।०४।०१ को मुख्य मन्त्रीस्तरीय निर्णय अनुसार सिरहा जिल्ला संकट व्यवस्थापन समिति सिरहका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयको विविध खातामा रु ५०,००,०००/- (पचास लाख मात्र) रकम पठाईको व्यहोरा अवगत भयो।

यसमा सिरहा अस्पतालमा प्रदेश सरकारबाट PCR परीक्षण ल्याब दोहोरो नपर्ने गरि PCR ल्याब राख्न, भन्टिलेटर राख्न वा माथि उल्लेखित अन्य विषयमा खर्च गरि व्यवस्थापन गर्न स्पेसिफिकेस्न तयारी, बजेट क्षमता, जनशक्ति परिचालन समेतको अवस्थालाई दृष्टिगत गरि २ दिन भित्र प्रतिवेदन पेश गर्न देहाय बमोजिमको " पारदर्शि समिति " गठन गरियो ;

१. संयोजक : मे.सु. - श्री नागेन्द्र प्रसाद यादव, सिरहा अस्पताल
२. सदस्य : प्रमुख सेनानी - श्री जितेन्द्र कुमार गौली, शेर गण चोहर्वा
३. सदस्य : सभापति- श्री राजदेव यादव, नेपाल रेडक्रस सोसाइटी सिरहा
४. सदस्य : अध्यक्ष- श्री प्रमोद कुमार पौद्दार, उधोग बाणिज्य संघ सिरहा
५ सदस्य : प्रमुख श्री [illegible], नेपाल पत्रकार महासंघ
६. सदस्य सचिव : स्वास्थ्य प्रमुख- श्री कृष्ण देव यादव, स्वास्थ्य कार्यालय सिरहा

७. सिरहा अस्पताल र मातहतका महेन्द्र गेनाई अस्पतालमा भर्ना रहेका Isolated कोभिड-१९ विरामीहरुको लागि छुट्टा छुट्टै गरि खाना बनाएर खुवाउने गरिएकोमा विरामीहरुबाट बारम्वार गुनासो आईरहेको हुनाले प्रति दिन विहान र साँझ खाना तथा विहान र दिउँसोको लागि खाजा खुवाउन नै प्रति व्यक्ति प्रति छाकको टेण्डर प्रकृया द्वारा ठिक समयमा खाना सप्लाई गर्न DCCMC मार्फत प्रदेश सरकार समाजिक विकास मान्त्रालयलाई अनुरोध गर्ने।

८. होम आईसोलेसनमा भएकाहरुको PCR को स्वाब संकलनको संयोजन स्वास्थ्य कार्यालयको हुनेछ।

२. गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ५६५ मिति २०७७।०५।१० को प्राप्त पत्रबाट कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रणको प्रयासको बाबजुद नेपालमा पनि दिनप्रतिदिन संक्रमण फैलिरहेको अवस्थालाई मध्यनजर गर्दै कारागारमा रहेका कैदी वन्दीलाई संक्रमण हुन नदिन हर सम्मभव प्रयास गर्नुहुन, संक्रमण देखिएमा बाँकी कैदीवन्दीलाई संक्रमण हुन नदिने प्रवन्ध मिलाउनुहुन, संक्रमित कैदीवन्दीहरुलाई सुरक्षित आईसोलेसनमा राखी भाग्न उम्कन नसक्ने भरपर्दो व्यवस्था सहितको उपचार व्यवस्था मिलाउन निर्देशन प्राप्त भए अनुरुप गर्ने गराउने।

३. कोभिड-१९ व्यवस्थापनको सिरहाको हालको अवस्था देहाय अनुरुप रहेको व्यहोरा अवगत भयो ;

| जिल्ला | चेकजाँच गरेको संख्या | फिर्ता गरेको संख्या | जिल्लामा रहेका क्वारेन्टाईन संख्या | क्वारेन्टाईन वेड संख्या | क्वारेन्टाईन | | | क्वारेन्टाईनवाट फर्ता गरेको संख्या | आईसोलेसन वेड संख्या | आईसोलेसन | | | आईसोलेसनवाट फिर्ता गरिएको संख्या | स्वाब संकलन गरिएका व्यक्तिको संयख्या | स्वाब परिक्षण भएका व्यक्तिको संख्या | जम्मा संक्रमित | उपचार्थ | निको भएका | मृत्यु | PPE / PPE Gown को संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पु. | म. | ज. | | | पु. | म. | ज. | | | | | | | | | |
| सिरहा | ९ | ० | २१ | १४३० | २२७ | १३ | २४० | ६६९८ | २०५ | १३६ | १४ | १५० | २३० | ६८४७ | ६५८५ | ३८४ | १५० | २३० | ४ | ३८00 | कोरोना पोजेटिभ -२ जनाको BPKIH धरानमा उपचार भईरहेको। |

४. आ.ब. ०७६/०७७ मा जिल्ला प्रशासन कार्यालय सिरहालाई कोभिढ -१९ रोकथाम तथा नियन्त्रण कार्याका लागि प्राप्त भएको रकम विभिन्न कार्यालयहरुलाई पठाईएकोमा खर्च भएका रकमको विवरण देहाय अनुसार रहेको व्यहोरा अवगत भयो।

प्रदेश नं २ सरकारबाट जिल्ला प्रशासन कार्यालय सिरहाको कोरोना रोकथाम तथा नियन्त्रण कोषमा मिति २०७६/१२/१० प्राप्त भएको रु ५०,००,०००/- (पचास लाख) मिति २०७७/०२/१६ मा प्राप्त भएको रु २५,००,०००/- (पच्चिस लाख)र मिति २०७७/३/१५ गते प्राप्त भएको ५,००,०००।- (पाँच लाख) बाट देहायका निकायलाइ खर्च गर्न देहाय अनुरुपको बजेट दिएको हुदा तपसिल अनुसारका निकायले गरेको खर्चको फाँटबारी *जिल्ला प्रशासन कार्यालय सिरहालाई पठाई जिल्ला प्रशासन कार्यालय सिरहाले* प्रदेश सरकार, प्रदेश नं २ आन्*तरिक मामिला तथा कानून मन्त्रालयमा फाँटवारी* पठाउने।

- जिल्ला प्रशासन कार्यालयको रु ,३५,८२,९८७/-
  ( हाल जिल्ला प्रशासन कार्यालयको कोषमा मौजदात बाँकि रु ११,१७,०१३/- र मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट २०७७।०५।०२ को पत्र ०७७ भाद्र ९ मा प्राप्त भई थप निकासा रु ५०,००,०००/- गरी जम्मा रु ६१,१७,०१३/- )
- शेर गण चोहर्वा रु १०,००,०००/-
- सशस्त्र प्रहरी बल रु १०,००,०००/-
- जिल्ला प्रहरी कार्यालय सिरहा रु १०,००,०००/-
- राष्ट्रिय अनुसन्धन जिल्ला कार्यालय सिरहा रु २,००,०००/-
- महेन्द्र गेनाइ कोरोना विषेश अस्पताल रु १,००,०००/-